रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम
कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

सूचना नं. ०१-२०८१/०८२

मिति: २०८१/०४/०३

## विषय: सूचि दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिका कार्यालयको लागि आ.व. २०८१/०८२ मा आवश्यकता भएको बखत मालसामान वा सेवा खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ "क" तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम निरन्तर सूचिकृत हुन सक्ने व्यवस्था भएकोले देहाय बमोजिमको मालसामान आपुर्ति तथा मर्मत, परामर्श तथा अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, फर्म, कम्पनी, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्थाले तोकिएको ढाँचा (सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ "क") मा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र आवेदन दर्ता गराउनुहुन तथा यस भन्दा अगाडी सूचिकृत सप्लायर्सहरुले मौजुदा सूचीमा अद्यावधिक गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । एक भन्दा बढी शिर्षकमा सूची दर्ता गर्नेपरेमा छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ । साथै रित नपुगी प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुनेछैन ।

देहाय:

**खरिद / आपुर्ति तथा मर्मत सम्बन्धि**

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्बन्धि अन्य सामान आपुर्ति सम्बन्धि ।
२. छपाई सम्बन्धि ।
३. मेशिनरी औजार (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, स्क्यानर, मोबाइल, मोडेम एवं अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपुर्ति तथा मर्मत सम्बन्धि ।
४. फर्निचर तथा फर्निसिङ सामानको आपूर्ति तथा मर्मत सम्बन्धि ।
५. सवारी साधन (दुई पांग्रे, चार पांग्रे) आपूर्ति, पार्टपुर्जा तथा मर्मत सम्बन्धि ।
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, बिजुली, शौचालय समेत) तथा रंगरोगन सम्बन्धि ।
७. सोलार जडान आपूर्ति तथा सोको मर्मत सम्बन्धि ।
८. कृषिजन्य बोटबिरुवा, बिषादी, मल, औषधि सम्बन्धि ।
९. पशुजन्य जनावर, पंक्षि, औषधि सम्बन्धि ।
१०. स्थानीय सञ्चार माध्यम मार्फत सूचना तथा सन्देश प्रशारण सम्बन्धि ।
११. इन्टनेट सेवा, वेवसाइट तथा नेटवर्किङ सम्बन्धि सेवा आपूर्ति सम्बन्धि ।

**परामर्श तथा अन्य सेवा तर्फ:**

१. सफ्टवेयर निर्माण / इमेल / इन्टरनेट / एसएमएस आपूर्ति सम्बन्धि सेवा ।
२. DPR, Master Plan (भवन, सडक लगायत अन्य) ।
३. तालिम, सीप विकास तथा गोष्ठी, सेमिनार सञ्चालन गर्ने ।
४. विज्ञहरुको परामर्श सेवा (प्रोफाइल, गुरुयोजना सम्बन्धि) ।
५. गैर सरकारी संस्था र परामर्श सेवा प्रदायक संस्थाहरु ।

**आवश्यक कागजातहरु:**

१. नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. आवश्यकता अनुसार व्यवसायिक इजाजत पत्र ।

अनिल तिवारी
प्रमुख प्रशासकीय अधिकृत

"रोङ विकासको मुख्य आधार:कृषि वन पर्यटन र पूर्वाधार"

www.rongmun.gov.np ९८५२६४२०२० info@rongmun.gov.np, rongruralmun@gmail.com